नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

# फलफूल बिरुवा उत्पादन तथा व्यवस्थापन प्राविधिक मापदण्ड सम्बन्धी मार्गदर्शन, २०८१

*स्वीकृत मिति: २०८१/०६/०२ (माननीय मन्त्रीस्तरीय निर्णय)*

*पहिलो संसोधन: २०८२/०३/०३ (माननीय मन्त्रीस्तरीय निर्णय)*

**प्रस्तावना:** पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजनाको वित्तीय सम्झौता (Financial Agreement for Loan Number 4211-NEP(COL) को Schedule 1 Para 2 (a). (i) मा भएको व्यवस्था तथा आयोजना व्यवस्थापन दस्तावेज (Project Administration Manual-PAM) को Attachment E para 1 (i) मा उल्लेखित "To prepare nursery standards under Output 1" मा भएको व्यवस्था बमोजिम फलफूल बिरुवाको प्राविधिक मापदण्ड तयार गरी नर्सरीहरुबाट उत्पादित बिरुवाको गुणस्तर निरीक्षण तथा नियमन प्रणालीको विकास गरी आयोजनाका लक्षित फलफूल बालीहरुको क्षेत्र विस्तारका लागि आवश्यक पर्ने गुणस्तरीय बिरुवाहरुको उत्पादन तथा उपलब्धतालाई व्यवस्थित गर्दै आयोजनाको स्किम २ र स्किम ६ लाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न तथा नेपाल सरकार कार्य विभाजन नियमावली, २०७४ को अनुसूची -२ को बुँदा ६ (१२) अनुसार बीउबिजन एवं नश्लसम्बन्धी राष्ट्रिय गुणस्तर निर्धारण तथा नियमन सम्बन्धी व्यवस्था हुन वाञ्छनीय भएकाले, कृषि तथा पशुपन्छी विकास मन्त्रालयले यो मार्गदर्शन बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस मापदण्डको नाम **"फलफूल बिरुवा उत्पादन तथा व्यवस्थापन प्राविधिक मापदण्ड सम्बन्धी मार्गदर्शन, २०८१"** रहेको छ।

(२) यो मार्गदर्शन कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मार्गदर्शनमा,-

(क) "आधिकारिक स्रोत" भन्नाले आयोजना लक्षित फलफूल बालीको गुणस्तरीय बिरुवा उत्पादन गर्ने नियमानुसार दर्ता भएका निजी नर्सरी वा सरकारी फार्म केन्द्र सम्झनु पर्छ।

(ख) "आयोजना" भन्नाले पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना सम्झनु पर्छ ।

(ग) "उन्नत जात" भन्नाले फलफूल बालीको अनुसन्धान तथा प्रयोगबाट छनोट गरी विकास गरिएको जात सम्झनु पर्छ।

(घ) "उपोष्ण फलफूल" भन्नाले यस मापदण्डमा एभोकाडो, सुन्तलाजात फलफूल तथा मेकाडेमिया नट सम्झनु पर्छ।

(ङ) "कलमी बिरूवा" भन्नाले एक उन्नत जातको सायन र कुनै विशेष गुण भएको उपयुक्त जातको मूलवृन्त (रुटस्टक) जोडेर तयार गरिएको फलफूल बिरुवा सम्झनु पर्छ।



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

(च) "कार्यान्वयन एकाइ" भन्नाले आयोजना कार्यान्वयन हुने प्रदेश मन्त्रालय अन्तर्गतको आयोजना कार्यान्वयनका लागि तोकिएको आयोजना कार्यान्वयन एकाइ (Project Implementation Unit-PIU) सम्झनु पर्छ।

(छ) "कार्यालय" भन्नाले जिल्लास्थित कृषि हेर्ने कार्यालय सम्झनु पर्छ ।

(ज) "कृषि प्राविधिक" भन्नाले यस मापदण्डको दफा ११ बमोजिम तोकिएको कृषि प्राविधिक सम्झनु पर्छ।

(झ) "केन्द्र" भन्नाले "राष्ट्रिय फलफूल विकास केन्द्र" सम्झनु पर्छ।

(ञ) "केन्द्रीय एकाइ" भन्नाले आयोजनाको केन्द्रीय आयोजना व्यवस्थापन एकाइ (Central Project Management Unit-CPMU) सम्झनु पर्छ।

(ट) जालीघर" भन्नाले स्वस्थ र गुणस्तरीय फलफूल विरुवा उत्पादन गर्नको लागि रोग सा कीराहरु छिर्न नसक्ने खालको जालीको आवरण (४० Mesh Size) र U.V. stabilized प्लाष्टिकको छानो प्रयोग गरी बनाईएको संरचना सम्झनु पर्छ।

(ठ) "नर्सरी धनी" भन्नाले यस मापदण्ड बमोजिम नर्सरी सञ्चालन गर्ने व्यक्ति, फर्म, कम्पनी, समूह वा सहकारी संस्था सम्झनु पर्छ।

(ड) "नर्सरी" भन्नाले कुनै पनि व्यक्ति, फर्म, कम्पनी, समूह वा सहकारी संस्थाका साथै सरकारी निकायबाट व्यावसायिक रुपमा फलफूलको विरूवा उत्पादन तथा बिक्री वितरण गर्ने उद्देश्यले स्थापना गरिएका स्रोत केन्द्र सम्झनु पर्छ।

(ढ) "निजी सूचीकृत नर्सरी" भन्नाले प्रचलित नियम अनुसार अधिकार प्राप्त निकायमा कुनै व्यक्ति, फर्म, कम्पनी, समूह वा सहकारीबाट दर्ता गरी यस मापदण्ड बमोजिम फलफूल बिरुवा उत्पादन तथा बिक्री वितरणका लागि सूचीकृत भएको नर्सरी सम्झनु पर्छ।

(ण) "निर्देशक समिति" भन्नाले मन्त्रालयका सचिवको अध्यक्षतामा गठन गरिएको आयोजनाको आयोजना निर्देशक समिति सम्झनु पर्छ।

(त) "निर्देशनालय" भन्नाले आयोजना लागू भएका प्रदेश स्थित कृषि विषय हेर्ने मन्त्रालय मातहतको आयोजना कार्यान्वयन गर्ने कृषि विकास निर्देशनालय सम्झनु पर्छ ।

(थ) "प्याकिङ" भन्नाले झ्याउ (Sphagnum moss), माटो, जुटको बोरा, पराल, कोकोपिट, पोलिथिन सिट/डोरी, कोरुगेटेड बक्स वा अन्य यस्ता माध्यममा बिरूवा प्याकिङ गरिने प्रविधि/कार्य सम्झनु पर्छ।

(द) "प्रदेश मन्त्रालय" भन्नाले आयोजना लागू भएका प्रदेश स्थित कृषि क्षेत्र हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ध) "फार्म केन्द्र" भन्नाले कृषि विभाग, नेपाल कृषि अनुसन्धान परिषद् तथा प्रदेश अन्तर्गत सञ्चालन भैरहेका फलफूल बिरूवा उत्पादन गर्ने सरकारी फार्म केन्द्र सम्झनु पर्छ।

सचिव

(न) "बाली" भन्नाले आयोजना लक्षित १० वटा फलफूल बालीहरु (स्याउ, ओखर, पिकानट, किवीफल, कागजीबदाम, सुन्तला, जुनार, कागती, एभोकाडो, मेकाडेमियानट) सम्झनु पर्छ।

(ऩ) "बिरूवाको किसिम" भन्नाले कुनै एक वा अनेक निकटतम जात (**Close compatible species**) वा उपजात (**subspecies**) को छुट्टै वा सामूहिक तवरले चिन्न सकिने र कृषि उत्पादनमा प्रयोग योग्य बोट बिरूवा सम्झनु पर्छ।

(प) "बीजु बिरूवा" भन्नाले फलफूल बालीको बीउबाट तयार गरिएको बिरुवा सम्झनु पर्छ।

(फ) "मन्त्रालय" भन्नाले संघ सरकारको कृषि तथा पशुपन्छी विकास विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(ब) "माउबोट" भन्नाले मूलवृत्त (रुटस्टक) वा बिरूवा तयार गर्नका लागि बीउ, कटिङ्ग, हाँगा, सायन स्टिक, कोपिला (बड) प्रयोग गर्ने प्रयोजनका लागि विशेष रुपमा छनोट गरी प्रयोगमf ल्याइने स्वस्थ र गुणस्तरीय बोट सम्झनु पर्छ।

(भ) "मूलवृत्त (रुटस्टक)" भन्नाले कलमी बिरूवा तयार गर्दा प्रयोग गरिने जरा तिरको भाग सम्झनु पर्छ।

(म) "वानस्पतिक तरिकाबाट उत्पादन गरिएको बिरूवा" भन्नाले फलफूल बालीको बीउ बाहेकको कुनै पनि वानस्पतिक भाग (कटिङ्ग, लेयरिङ्ग, कलमी, बडिङ्ग, टिस्युकल्चर आदि) बाट तयार गरिएको बिरूवा सम्झनु पर्छ।

(य) "सायन" भन्नाले कलमी बिरूवा तयार गर्दा मूलवृत्त (रुटस्टक) मा जोडिने बिरूवाको माथिल्लो भाग (माउबोटबाट लिईने हाँगाको भाग) सम्झनु पर्छ।

(र) "स्किम २" भन्नाले लागू भएका स्थानीय तहका कृषक समूह, सहकारी तथा कृषि उद्यमीहरूलाई आयोजना लक्षित फलफूल बालीहरुको बगैंचा स्थापना एवं कृषक समूहहरुलाई तरकारी तथा अन्य बालीहरूको उत्पादन प्रवर्द्धन कार्यक्रम सम्झनु पर्छ।

(ऱ) "स्किम ६" भन्नाले आयोजनाद्धारा सञ्चालन गरिने निजी फलफूल नर्सरी सुदृढीकरण कार्यक्रम सम्झनुपर्दछ।

(ल) “शितोष्ण फलफूल” भन्नाले यस मापदण्डमा स्याउ, ओखर, पिकानट, कागजी बदाम र किवीफल सम्झनु पर्छ।

(व) “सुन्तलाजात फलफूल” भन्नाले सुन्तला, जुनार र कागती सम्झनु पर्छ।

## परिच्छेद-२

## फलफूल बिरुवाको प्राविधिक मापदण्ड

३. **बिक्रीयोग्य फलफूल बिरूवाको प्राविधिक मापदण्डः** (१) बिक्रीयोग्य फलफूल बिरूवाको प्राविधिक मापदण्ड देहाय बमोजिम हुनु पर्नेछः-

(क) उन्नत जातको हकमा जातीय पहिचान खुलेको हुनु पर्ने,

(ख) स्थानीय जातको हकमा माउ बोटको स्रोत खुलेको हुनुपर्ने,

(ग) अनुसूची ६(२.३) बमोजिमको रोग/कीरा संक्रमण नभएको स्वस्थ बिरूवा हुनपर्ने,

(घ) अनुसूची -१ बमोजिमको न्यूनतम गुणस्तर मापदण्ड पूरा गरेको बिरुवा हुनुपर्ने,

(ङ) बिरुवा वा मूलवृत्त (रुटस्टक) उत्पादन गर्न प्रयोग हुने माटो/सब्सट्रेट निर्मलीकरण गरिएको हुनुपर्ने,

(च) अनुसूची -१ बमोजिमको उपयुक्त विधि अबलम्वन गरी कलमी गरिएको बिरुवा हुनुपर्ने,

(छ) कलमी गरेको भाग जमिनको सतहबाट कम्तिमा १५ सेन्टिमिटर माथि हुनुपर्ने,

(ज) बिरुवामा स्वस्थ मसिना जराहरु (Hairy Roots) भएको हुनुपर्ने,

(झ) कलमी गरेको भागभन्दा तल मूलवृत्त (रुटस्टक) बाट पलाएका हाँगा नभएको हुनुपर्ने,

(ञ) बिरुवाको मुख्य काण्ड (Main stem) सोझो, चोट नलागेको, हृष्टपुष्ट (Vigorous) हुनुपर्ने,

(ट) बिरुवा हेर्दा एकैनासको (Uniform and Smooth) तथा कलमी गरेको भाग राम्रोसँग जोडिएको (Well Grafted) हुनुपर्ने,

(ठ) शितोष्ण फलफूलको हकमा बिरुवाको पात झरेर शुषुप्त अवस्थामा प्रवेश गरेपछि मात्रै उखेलेको हुनुपर्ने,

(ड) सुन्तलाजात फलफूल बिरुवाको हकमा जालीघरभित्र उत्पादन गरेको हुनुपर्ने,

(ढ) सुन्तलाजात फलफूल बिरुवा जालीघरभन्दा बाहिर रहेको अवस्थामा बिरुवामा सिट्रस ग्रिनिङ्ग र सिट्रस ट्रिष्टिजा भाइरस मुक्त छ भन्ने प्रमाणित गर्नका लागि हरेक वर्ष सुन्तला र जुनारको बिरुवाको पि.सि.आर. (PCR- Polymerase Chain Reaction) परिक्षण गरी सिट्रस ग्रिनिङ्ग (HLB) नभएको र कागतीको बिरुवाको इलाइजा (ELISA- Enzyme-Linked Immune Sorbent Assay) परीक्षण गरि सिट्रस ट्रिष्टिजा भाइरस (CTV- *Citrus Tristeza Virus*) संक्रमण नरहेको भनी प्रयोगशालाबाट परीक्षण गरी पुष्टी भएको हुनुपर्ने,

(२) स्थान विषेश (Niche) मा नयाँ रोग कीराको संक्रमण फैलिन नदिन उक्त क्षेत्रमा बिरुवा प्रयोग सम्बन्धमा केन्द्रीय एकाइको सहमतिमा विषेश व्यवस्था गर्न सकिने।

४. **<u>उच्च घनत्व प्रविधिबाट रोपिने स्याउका बिरुवाको प्राविधिक मापदण्ड</u>:** उच्च घनत्व प्रविधिबाट रोपिने स्याउका बिरुवाको प्राविधिक मापदण्ड देहाय बमोजिम हुनु पर्नेछः-

(क) राष्ट्रिय/अन्तर्राष्ट्रिय अनुसन्धानबाट सफल सिद्ध भएको जात हुनुपर्ने,

(ख) खण्ड (क) बमोजिमका जातको उत्पादन गर्दा अनुसन्धानबाट उपयुक्त देखिएका परागसेचक (Pollinizer) जात कम्तीमा दश (१०) प्रतिशत संलग्न गरिएको हुनुपर्ने,

(ग) रोप्न प्रयोग हुने बिरुवाको उचाई कम्तिमा १.२ मिटर हुनुपर्ने,

(घ) अगुवा हाँगा (Leader Branch) सोझो, नभाँचिएको, कोपिलाहरु पुष्ट र हृष्टपुष्ट (Vigorous) भएको हुनुपर्ने,

(ङ) पहिलो फिदर हाँगा (Feather branch) जमिनको सतहदेखि कम्तिमा ६० से. मी. मा हुनपर्ने ।



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## परिच्छेद-३

## माउबोटको प्राविधिक मापदण्ड

५. **माउबोटको प्राविधिक मापदण्ड:** माउबोटको प्राविधिक मापदण्ड देहाय बमोजिम हुनुपर्नेछः-

(क) सिफारिस गरिएका उन्नत जातहरुको हकमा आधिकारिक श्रोत खुलेको हुनुपर्ने,

(ख) स्थानीय जातहरुको हकमा माउबोटको स्रोत खुलेको हुनुपर्ने,

(ग) माउबोटमा ट्यागिङ्ग (क्रम सङ्ख्या, नाम, जात, श्रोत, रोपण वर्ष खुलाई) गरिएको हुनुपर्ने,

(घ) अनुसूची - ६(२.३) बमोजिमका रोग कीरा मुक्त, स्वस्थ बोट हुनुपर्ने,

(ङ) सुन्तलाजात फलफूलको माउबोटहरु जालीघरभित्र सुरक्षित तवरले हुर्काएको हुनुपर्ने,

(च) सुन्तलाजात फलफूलको माउबोटमा सिट्रस ग्रिनिङ्ग र सिट्रस ट्रिष्टिजा भाइरस मुक्त छ भन्ने प्रमाणित गर्नका लागि हरेक दुई वर्षमा जालीघरभित्र रहेका सुन्तला र जुनारको माउबोटको पि.सि.आर. (PCR- Polymerase Chain Reaction) परीक्षण गरी सिट्रस ग्रिनिङ्ग (HLB) नभएको र कागतीको माउबोटको इलाइजा (ELISA- Enzyme-Linked Immune Sorbent Assay) परीक्षण गरी सिट्रस ट्रिष्टिजा भाइरस (CTV- *Citrus Tristeza Virus*) संक्रमण नरहेको भनी प्रयोगशालाबाट परीक्षण गरी पुष्टी भएको हुनुपर्ने,

तर माउबोट जालीघरभन्दा बाहिर रहेको अवस्थामा उक्त परिक्षणहरु हरेक वर्ष गरी माउबोटमा संक्रमण नरहेको भनी पुष्टी भएको हुनु पर्नेछ।

(छ) सुन्तलाजात फलफूलको माउबोटहरु जालीघरभित्र सुरक्षित तवरले हुर्काएको हुनुपर्ने,

(ज) स्याउको माउबोटको हकमा क्राउन गल (Crown Gall) रोग नलागेको हुनुपर्ने,

(झ) किवीफलको माउबोटको हकमा रुटनट नेमाटोड र क्राउन गल (Crown Gall) रोग नलागेको हुनुपर्ने,

(ञ) बीउबाट तयार गर्ने फलफूलको माउबोट तथा बिरुवाको हकमा बीउबाट सर्ने रोग (Seed Borne Disease) को व्यवस्थापनको लागि बीउको उपचार गरेको हुनुपर्ने ।

## परिच्छेद-४

## बिरूवा उत्पादन प्रक्रिया

६. **बिरूवा उत्पादन प्रक्रिया:**(१) नर्सरीको लागि प्रयोग गरिने माटो (पोलीब्याग वा व्याडमा) निर्मलीकरण गरेको हुनु पर्नेछ।



सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्रालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं

(२) मूलवृत्त (रुटस्टक) उत्पादन गर्न प्रयोग हुने माउबोटको गुणस्तर दफा ५ मा उल्लेख भए बमोजिम उत्पादन गरिएको तथा मूलवृत्तको गुणस्तर अनुसूची -२(२) बमोजिम भएको मात्र प्रयोग गर्नु पर्नेछ।

(३) सायन लिने माउबोटको गुणस्तर दफा ५ बमोजिम तथा सायनको गुणस्तर अनुसूची - २(१) बमोजिम भएको मात्र प्रयोग गर्नु पर्नेछ।

(४) माउबोटबाट सायन लिँदा फल फल्न शुरु भएको दुई वर्षपछि मात्र लिनु पर्नेछ।

(५) बिरुवा प्रसारण विधि (बिरूवा उत्पादन विधि) अनुसूची - १ मा उल्लेख भए बमोजिम हुनु पर्नेछ।

(६) सुन्तलाजात फलफूल बालीको हकमा जालीघरभित्र बिरूवा उत्पादन गर्दा देहायका विधिहरू अपनाउनु पर्नेछ :-

(क) बिरुवा उत्पादनका लागि प्रयोग गरिने मूलवृत्त (रुटस्टक) बिरूवा समेत जालीघर भित्रै सुरक्षित तवरले उमार्ने र हुर्काउनु पर्नेछ,

(ख) जालीघरभित्र हुर्किएका माउबोटबाट मात्र सायन लिनु पर्नेछ,

(ग) कलमी गरेको बिरूवा समेत जालीघर भित्रै हुर्काउनु पर्नेछ,

(घ) बिरुवा जालीघरभन्दा बाहिर उत्पादन गरेको अवस्थामा दफा ३ को उपदफा १३ बमोजिमको बिरुवा हुनु पर्नेछ।

(७) स्याउ बालीको हकमा भुवादार लाही (Woolly Apple Aphid), सान जोस स्केल (San Jose Scale) कीरा तथा पेपरी बार्क (Papery Bark) रोग नलागेको हाँगाबाट मात्र सायन लिएको हुनु पर्नेछ।

(८) कलमी गर्दा जमिनको सतहबाट कम्तिमा १५ से. मी. को उचाईमा गर्नु पर्नेछ।

## परिच्छेद-५

## नर्सरी सूचीकरण प्रक्रिया

७. **नर्सरी सूचीकृत गर्नुपर्नेः** (१) यस मापदण्ड बमोजिम बिरुवा उत्पादन गरी आयोजनालाई आवश्यक बिरुवा उपलब्ध गराउने निजी नर्सरीहरु प्रचलित कानुन बमोजिम दर्ता तथा नवीकरण भई सम्बन्धित कार्यान्वयन एकाइमा सूचीकृत हुनु पर्नेछ।

८. **सूचना प्रकाशन गर्नुपर्नेः** (१) सम्बन्धित कार्यान्वयन एकाइले निजी नर्सरीहरु सूचीकृत गर्नका लागि हरेक वर्ष सूचना प्रकाशन गर्नेछ।

९. **निवेदन दिनुपर्नेः** निजी नर्सरीहरुले सूचीकृत हुनका लागि दफा ८ बमोजिम प्रकाशित सूचना अनुसार अनुसूची- ३ बमोजिमका कागजात सहित सम्बन्धित कार्यान्वयन एकाइमा निवेदन पेश गर्नु पर्नेछ।

१०. **सूची तयार गर्नुपर्नेः** (१) दफा ९ बमोजिम प्राप्त निवेदनलाई सम्बन्धित कार्यान्वयन एकाइहरुबाट अनुसूची -४ बमोजिम मूल्याङ्कन गरी मापदण्ड पुगेका नर्सरीहरुको हरेक वर्ष सूची अध्यावधिक गर्नु पर्नेछ र सो सूची कार्यालयको वेवसाइटमा राख्नु पर्नेछ ।

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

(२) उपदफा (१) बमोजिम सूचीकृत भएका निजी नर्सरीहरुको सूचीकरण आयोजना अवधिभरका लागि हुनेछ।

(३) उपदफा (१) बमोजिम कार्यान्वयन एकाइले तयार गरेको सूचीकृत निजी नर्सरीहरुको विवरण हरेक वर्ष केन्द्रीय एकाइमा पठाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम सम्बन्धित कार्यान्वयन एकाइहरुबाट प्राप्त निजी नर्सरीहरुको विवरण केन्द्रीय एकाइले एकिकृत गरी हरेक वर्ष एकमुष्ठ सूची तयार गरी कार्यालयको वेवसाईटमा राख्नेछ।

(५) उपदफा (१) बमोजिम सूचीकृत भएका नर्सरीहरुले प्रचलित कानुन बमोजिम नियमित रुपमा संस्था नवीकरण, करचुक्ता आदि कार्यहरु गरेको हुनु पर्नेछ र सो को विवरण वार्षिक रुपमा कार्यान्वयन एकाइमा पेश गर्नु पर्नेछ।

(६) कार्यान्वयन एकाइ तथा केन्द्रीय एकाइबाट अनुगमन तथा निरीक्षण गर्दा सूचीकृत हुँदाको बखतमा सम्बन्धित नर्सरीबाट पेश गरिएका नर्सरी सम्बन्धि विवरण तथा तोकिए बमोजिम प्राविधिक पक्षहरु यस मापदण्ड बमोजिम नभएको पाइएमा सो नर्सरीलाई सूचीबाट हटाई सम्बन्धित पक्षलाई जानकारी गराउनु पर्नेछ।

(७) सरकारी फार्म केन्द्रको हकमा यसै मापदण्ड बमोजिम सूचीकृत गरिनेछ। साथै फार्म केन्द्रले समेत यस मापदण्डमा उल्लिखित प्राविधिक पक्षहरुको परिपालना गर्नु पर्नेछ।

## परिच्छेद-६

## <u>बिरूवाको गुणस्तर परीक्षण तथा प्रमाणीकरण प्रक्रिया</u>

**११. <u>नर्सरीको निरीक्षण गर्ने कृषि प्राविधिक सम्बन्धी व्यवस्थाः</u>** (१) नर्सरीमा बिरूवाको गुणस्तर निरीक्षण गर्न आयोजनाले देहायको योग्यता पुगेका कृषि प्राविधिकलाई जिम्मेवारी तोक्नेछ।

(क) कृषि विषयमा स्नातक गरेको प्राविधिक सरकारी कर्मचारी।

(ख) आयोजना वा अन्य सरकारी निकायबाट सञ्चालित फलफूल नर्सरी निरीक्षण सम्बन्धी कम्तिमा पाँच (५) दिन अवधिको तालिम प्राप्त गरेको।

(२) आयोजनाले नर्सरी निरीक्षण कार्य गर्न कृषि प्राविधिकलाई फलफूल नर्सरी निरीक्षण सम्बन्धी तालिमको व्यवस्था मिलाउनेछ।

**१२. <u>नर्सरी निरीक्षण तथा प्रतिवेदन सम्बन्धी व्यवस्थाः</u>** (१) कार्यान्वयन एकाइले अनुसूची –५ बमोजिम नर्सरी निरीक्षण तथा प्रतिवेदन कार्य गर्नका लागि कृषि प्राविधिक तोक्नेछ।

(२) कार्यान्वयन एकाइले उपदफा (१) अनुसार तोकिएका कृषि प्राविधिकबाट अनुसूची - ६ बमोजिमको नर्सरी निरीक्षण प्रतिवेदन तथा अनुसूची –७ बमोजिमको बिक्री योग्य फलफूल बिरूवाको संख्याको विवरण सिफारिस फाराम सहित लिनु पर्नेछ।

(३) आयोजनाले कृषि प्राविधिकबाट पेश भएका रोग, कीराको नमूना परीक्षण तथा पहिचान गराउनु पर्नेछ।

सचिव

(४) उपदफा (२) बमोजिम प्राप्त प्रतिवेदन कार्यान्वयन एकाइले एकिकृत गरी केन्द्रीय एकाइलाई नियमित रुपमा पेश गर्नु पर्नेछ।

१३. **नर्सरी निरीक्षण गर्ने कृषि प्राविधिकको कार्यविवरण:** नर्सरी निरीक्षण गर्ने कृषि प्राविधिकको कार्यविवरण देहाय बमोजिम हुनेछः-

(क) कार्यान्वयन एकाइले तोकेको समयमा तोकिएका नर्सरीहरुको निरीक्षण गर्ने,

(ख) खण्ड (क) बमोजिम तोकिएका नर्सरीहरुको अनुसूची -६ बमोजिम स्थलगत निरीक्षण गरी प्रतिवेदन पेश गर्ने,

(ग) नर्सरीमा रहेका बिक्रीयोग्य फलफूल बिरूवाको संख्या अनुसूची -७ बमोजिमको फारम भरी पेश गर्ने,

(घ) उपदफा (२) बमोजिमको निरीक्षण प्रतिवेदनको एकप्रति सम्बन्धित नर्सरी धनीलाई उपलब्ध गराउनुका साथै एक प्रति आफैं साथ सुरक्षित राख्ने,

(ङ) नर्सरी धनीको प्रमाणपत्र निरीक्षण गर्ने र संस्था नवीकरण, करचुक्ता आदि प्रचलित कानुन बमोजिम गर्नुपर्ने कार्यहरु नगरेको पाइएमा त्यसको जानकारी सम्बन्धित कार्यान्वयन एकाइलाई दिने,

(च) नर्सरीमा रहेका बिरूवाहरूमा अनुसूची -६ को बुँदा नं २.३ मा उल्लेख भएका रोग, कीराको अवस्था निरीक्षण गर्दा पहिचान हुन नसकेका रोग, कीराको नमूना लिने र परीक्षण तथा पहिचानका लागि कार्यान्वयन एकाइलाई उपलब्ध गराउने,

(छ) बिरूवाको गुणस्तर कायम गर्ने कार्यमा नर्सरी धनीलाई प्राविधिक तथा व्यवस्थापकीय पृष्ठपोषण गर्ने,

(ज) गुणस्तरीय बिरूवा उत्पादनका लागि आयोजनाले गर्नुपर्ने आवश्यक देखिएका सुझावहरु समेत निरीक्षण प्रतिवेदनमा समावेश गरी सिफारिस गर्ने,

(झ) कार्यान्वयन एकाइ तथा केन्द्रीय एकाइबाट जारी भएको निर्देशन बमोजिम नर्सरी निरीक्षण सम्बन्धी अन्य कार्य गर्ने।

१४. **मापदण्ड नपुगेका बिरूवाको व्यवस्थापन:** (१) दफा ३ र ४ तथा अनुसूची -१ बमोजिमको गुणस्तर प्राप्त गर्न नसकेका (सुन्तलाजात बालीमा सिट्रस ग्रिनिङ्ग र ट्रिष्टिजा भाइरस तथा स्याउमा क्राउन गल, तथा किवीफलमा रुटनट नेमाटोड, क्राउन गल लागेको बिरूवाहरू बाहेक) बिरूवाहरूमा थप उपचार/व्यवस्थापन गरी बिक्री गर्न योग्य हुनसक्ने देखिएमा कृषि प्राविधिकले आवश्यक प्राविधिक सिफारिस दिन सक्नेछ।

(२) कृषि प्राविधिकको सिफारिस पालना गरी नर्सरी धनीले बिरूवा उपचार/व्यवस्थापन गरेमा पुनः गुणस्तर प्रमाणीकरणका लागि सम्बन्धित कार्यान्वयन एकाइमा निवेदन दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदनमा कृषि प्राविधिकले निरीक्षण गर्दा अनुसूची -१ बमोजिम गुणस्तरयुक्त भएको पाइएमा बिरुवा बिक्री वितरणका लागि सिफारिस गर्न सक्नेछ।

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

(४) नर्सरी निरीक्षण गर्दा दफा ३ र ४ तथा अनुसूची -१ बमोजिमको गुणस्तर भएको विरुवा उत्पादन नगरेको पाइएमा दफा ७ बमोजिम सूचीकृत नर्सरीहरुलाई सम्बन्धित कार्यान्वयन एकाइले सूचीबाट हटाउन सक्नेछ।

१५. **नर्सरी धनीको जिम्मेवारीः** (१) नर्सरी धनीले दफा ३ र ४ तथा अनुसूची -१ मा तोकिए बमोजिमको मापदण्ड अपनाई बिरूवा उत्पादन गर्नु पर्नेछ।

(२) फलफूल बिरूवा उत्पादनको लागि प्रयोग हुने माउबोटहरु, मूलवृत्त (रुटस्टक) र सायन दफा ५ र अनुसूची -२ बमोजिम व्यवस्था गर्नु पर्नेछ। नर्सरी धनीले आफ्नै माउबोट बगैंचा स्थापना र ट्यागिङ्ग गर्न उपयुक्त हुनेछ। अन्यत्र स्थानबाट बीउ, सायन, मूलवृत्त (रुटस्टक) को व्यवस्थापन गर्नुपरेको अवस्थामा समेत दफा ५ र अनुसूची-२ बमोजिम हुनु पर्नेछ।

(३) नर्सरीको अभिलेख अनुसूची -८ बमोजिम राख्नु पर्नेछ।

(४) कृषि प्राविधिकले अनुसूची - ७ बमोजिम सिफारिस गरेको आधारमा मात्र बिरूवा बिक्री वितरण गर्नु पर्नेछ।

(५) नर्सरीमा रहेका माउबोट तथा उत्पादित बिरूवाको गुणस्तर कायम राख्न कृषि प्राविधिक तथा अन्य आधिकारिक निकायका पदाधिकारीबाट प्राप्त प्राविधिक सिफारिस अनुसार सुधार गर्नु पर्नेछ।

(६) नर्सरीमा उत्पादित बिरूवामा रोग तथा कीराहरूको महामारी (संक्रमण) फैलिने अवस्था सिर्जना हुन गएमा वा सम्भावना रहेमा सम्बन्धित कार्यान्वयन एकाइलाई जानकारी गराई ताहाँबाट खटाईएको कृषि प्राविधिकको सिफारिसमा आवश्यक कार्य गर्नु पर्नेछ।

(७) नर्सरी धनीले नर्सरी निरीक्षणका लागि आएका कृषि प्राविधिक तथा अन्य आधिकारिक निकायका पदाधिकारीले नर्सरीसँग सम्बन्धित अभिलेख हेर्न चाहेमा उपलब्ध गराउनु पर्नेछ।

## परिच्छेद - ७

## बिरूवा बिक्री वितरण सम्बन्धी व्यवस्था

१६. **बिरुवा बिक्री वितरण गर्दा ध्यान दिनुपर्नेः** (१) नर्सरी धनीले बालीको किसिम र जात खुलेको संकेत सहित प्याकिङ्ग गरेर मात्र बिरुवाको बिक्री वितरण गर्नु पर्नेछ।

(२) नर्सरी धनीले फलफूलको जात अनुसार बिक्रीयोग्य बिरूवाको वार्षिक उत्पादन क्षमता, तीन वर्षको प्रक्षेपण, मूलवृत्त (रुटस्टक) वानस्पतिक प्रजनन सामग्री तथा बिरूवा अन्यत्रबाट ल्याएको भए सो को विवरण सम्बन्धित कार्यान्वयन एकाइमा वार्षिक रुपमा पेश गर्नु पर्नेछ ।

(३) नर्सरी धनीले अनुसूची -७ बमोजिमको बिक्रीयोग्य बिरुवाको संख्या मात्र आयोजनामा आबद्ध अनुदानग्राहीलाई मात्र बिक्री वितरण गर्नु पर्नेछ।

१७. **बिरूवाको माग र आपूर्ति व्यवस्थापनः** (१) बिरूवाको माग र आपूर्ति बीच तालमेल मिलाउन प्रत्येक आर्थिक वर्षमा आयोजनाले शितोष्ण र उपोष्ण फलफूल बिरुवाको वासलात तयार गर्नेछ।

(२) उपदफा (१) बमोजिम वासलात तयार गर्नका लागि कार्यान्वयन एकाइहरुले बागवानी फार्म केन्द्रहरू र सम्बन्धित एकाइमा सूचीकृत रहेका निजी नर्सरीबाट बिक्रीयोग्य बिरूवाको विवरण अनुसार वासलात तयार गर्ने छन्।

सचिव

(३) उपदफा (२) बमोजिम कार्यान्वयन एकाइहरुले तयार गरेको वासलातको आधारमा केन्द्रीय एकाइले केन्द्रीय वासलात तयार गर्नेछ।

(४) देशभित्र उपलब्ध हुनसक्ने बिरुवाको हकमा आयोजनामा आबद्ध अनुदानग्राहीले सूचीकृत नर्सरीबाट मात्र बिरुवा खरिद गर्नु पर्नेछ। यसका लागि कार्यान्वयन एकाइहरुबाट सहजीकरण गर्नु पर्नेछ।

(५) सम्बन्धित प्रदेशमा बिरुवा उपलब्ध नभएमा अन्य प्रदेशका सूचीकृत नर्सरीबाट बिरुवा खरिद गर्न सकिनेछ। यसका लागि कार्यान्वयन एकाइहरु तथा केन्द्रीय एकाइबाट सहजीकरण गरिनेछ।

(६) आयोजनाका अनुदानग्राहीलाई देशभित्र उपलब्ध हुन नसक्ने बिरुवाको हकमा सम्बन्धित कार्यान्वयन एकाइ तथा केन्द्रीय एकाइले विरुवा आयातका लागि आवश्यक समन्वय एवं सहजीकरण गर्ने छन्।

१८.**बिरूवा ओसार पसार तथा बिक्री वितरण गर्दा अपनाउनु पर्ने विधिः** बिरूवा उत्पादनका साथसाथै प्याकिङ्ग, ढुवानी तथा ओसार पसारमा समेत बिरूवाको स्वास्थ्यमा कुनै नकारात्मक असर नपर्ने गरी सावधानी अपनाई गर्नु पर्नेछ।

## परिच्छेद -८

## विविध

१९. **अनुगमन सम्बन्धी व्यवस्थाः** (१) यस मापदण्ड बमोजिम सूचीकृत नर्सरीको अनुगमन आयोजनाका सम्वद्ध निकायहरुले गर्ने छन्।

(२) उपदफा (१) बमोजिमका निकायहरुले अनुगमनको क्रममा दिइएको प्राविधिक सुझाव पालना गर्नु सम्बन्धित सरोकारवालाहरुको कर्तव्य हुनेछ।

२०. **गुनासो तथा उजुरी सुन्नेः** यस मापदण्ड कार्यान्वयनका सम्बन्धमा भएका गुनासा तथा उजुरीको व्यवस्थापन आयोजनाको गुनासो व्यवस्थापन कार्यविधि, २०८० बमोजिम हुनेछ।

२१. **बाधा अड्काउ फुकाउने वा संशोधन गर्ने अधिकारः** (१) यस मापदण्डको कार्यान्वयनको सिलसिलामा कुनै द्धिविधा उत्पन्न भएमा वा कुनै बाधा अड्काउ आईपरेमा वा संशोधन गर्नु परेमा मन्त्रालयले आवश्यक निर्णय गरी स्पष्ट गर्न वा बाधा अडकाउ फुकाउन वा संशोधन गर्न सक्नेछ।

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

अनुसूची -१

(दफा ३ सँग सम्बन्धित)

**बिक्रीयोग्य फलफूल बिरुवाको प्राविधिक मापदण्ड**

१. बिक्रीयोग्य फलफूलका कलमी बिरुवा तपसिलमा उल्लेख गरे बमोजिम हुनु पर्नेछ।

| क्र.स. | फलफूलको नाम | उपयुक्त वानस्पतिक प्रसारण विधि | कलमी गरेपछि बिरुवाको उमेर (वर्ष) | उचाई (फिट) | कलमी गरिएको भाग भन्दा माथि बिरुवाको न्यूनतम मोटाई (मि मी) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | स्याउ (Apple) | Grafting | १ – २ | २ – ३ | > १० | |
| २ | दाँते ओखर (Walnut) | Grafting | १ – २ | १.५– २ | > १२ | |
| ३ | चुच्चे ओखर (Pecan) | Grafting/ Seedling* | १ – २ | १.५– २ | > ११ | |
| ४ | किवीफल (Kiwifruit) | Grafting | १ – २ | १ – २ | > ९ | |
| ५ | सुन्तला (Mandarin orange) | Grafting, Budding | १ –२ | १.५– २.५ | > ६ | |
| ६ | जुनार (Sweet orange) | Grafting, Budding | १ – २ | १.५– २.५ | > ६ | |
| ७ | कागती | Grafting, Budding | १ – २ | १ – १.५ | > ५ | |



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | (Acid Lime) | | | | | |
| ८ | एभोकाडो (Avocado) | Grafting/ Seedling* | १ – २ | १.५– ३ | >१० | |
| ९ | कागजी बदाम (Almond) | Grafting | १ – २ | १.५ – २ | > ११ | |
| १० | मेकाडेमियानट (Macadamia nut) | Grafting/ Seedling* | १ – २ | १ – २ | > १० | |

२. जालीघरभित्र उत्पादन गरिएका सुन्तलाजात फलफूलको कलमी बिरुवाको प्राविधिक मापदण्डः

| क्र.स. | फलफूलको नाम | कलमी गरेपछिको उमेर (वर्ष) | उचाई (फिट) | बिरुवाको मोटाई (मि मी) | गुणस्तरका सूचकहरु |
|---|---|---|---|---|---|
| १ | सुन्तला | १ – २ | १.५ – २.५ | >६ | बिरुवाहरु पोलिब्यागमा हुर्काईएको हुनुपर्नेछ । |
| २ | जुनार | १ – २ | १.५ – २.५ | >६ | |
| ३ | कागती | १ – २ | १ – १.५ | >५ | |

सचिव

#पहिलो संसोधनबाट थप गरिएको

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

# अनुसूची -२

(दफा ५ सँग सम्बन्धित)

## सायन तथा मूलवृत्त (रुटस्टक) को प्राविधिक गुणस्तर मापदण्ड

**१. कलमी बिरुवा उत्पादनका लागि प्रयोग गरिने सायनको न्यूनतम प्राविधिक मापदण्डः**

| क्र.स | फलफूलको नाम | सायन लिने हाँगाको उमेर (महिना) | कैफियत |
|---|---|---|---|
| १ | स्याउ, ओखर, चुच्चे ओखर, कागजी बदाम, किवीफल | ८ देखि १२ | |
| २ | सुन्तला, जुनार, कागती | ६ देखि १२ | |
| ३ | एभोकाडो, मेकाडेमिया नट | ६ देखि १२ | |

**२. कलमी बिरुवा उत्पादनका लागि प्रयोग गरिने मूलवृत्त (रुटस्टक) को किसिम र प्राविधिक मापदण्डः**

| क्र.स. | फलफूलको नाम | उपयुक्त मूलवृत्त (रुटस्टक) को नाम | मूलवृत्तको उमेर (वर्ष) | मूलवृत्तको उचाई (फिट) |
|---|---|---|---|---|
| १ | स्याउ | एम ९, एम एम १०६ र १११ | १-२ | १.५-२.५ |
| | | ईडीमयल, क्रेब एप्पल | १-२ | १-२ |
| २ | ओखर | स्थानीय हाडे ओखर, English Walnut | १-२ | १-२ |
| ३ | पिकानट | पिकानट | १-२ | १-२ |
| ४ | कागजी बदाम | हाडे कागजी बदाम (Hard shell), स्थानीय आरु | १-२ | १-२ |
| ५ | किवीफल | बीजु किवीफल, ब्रुनो, मन्टी | १-२ | १-२ |
| ६ | सुन्तला, जुनार, कागती | तीनपाते सुन्तला, सिट्रेन्ज ( ट्रयोर, क्यारिजो) | १-२ | १-२ |

१३

सचिव

| | | | | |
|---|---|---|---|---|
| ७ | एभोकाडो | मेक्सिकन, टोपा टोपा, रिड स्थानीय | १-२ | १-२ |
| ८ | मेकाडेमिया नट | बीजु मेकाडेमिया नट | १-२ | १-२ |

## अनुसूची -३

**(दफा ९ सँग सम्बन्धित)**

**निजी नर्सरी सूचीकरण निवेदन**

श्रीमान् प्रमुखज्यू, मितिः ............./...../.....

आयोजना कार्यान्वयन एकाई,

पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना

......................प्रदेश ।

महोदय,

तपसिलमा उल्लिखित नर्सरी सूचीकृत गरी पाऊँ ।

**तपसिल**

१. नर्सरी/कम्पनी/फर्मको पूरा नामः

२. पूरा ठेगानाः

३. नर्सरी/कम्पनी/फर्मको उद्देश्यः

४. नर्सरी जग्गाको विवरणः

क) क्षेत्रफल ख) उचाईः समुन्द्री सतहबाट........ मीटर

ग) मोहडा

५. नर्सरी पूर्वाधारहरुको अवस्था

क) सिंचाईको अवस्था (छ/छैन) मौसमी....... वर्षभरी....... ख) सिंचाईको स्रोत

ग) बाटो (छ/छैन) घ) विद्युत (छ/छैन)

ङ) स्क्रीनघरहरु (छ/छैन) च) छन् भने स्क्रीनघरको संख्या ......

६. नर्सरीमा उत्पादन गर्ने वार्षिक अनुमानित बिरुवा संख्या (फलफूल बाली अनुसार)

| क्र.सं. | फलफूल बालीको नाम | जात | कलमी बिरुवा संख्या | बीजु बिरुवा संख्या |
|---|---|---|---|---|
| १ | | | | |

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| २ | | | | |
| | | | | |

७. नर्सरीमा रहेको फलफूलका माउबोटहरुको किसिम, जात तथा बोट संख्या

| क्र.सं. | फलफूलबालीको नाम | जात | बोट संख्या | उमेर |
|---|---|---|---|---|
| १ | | | | |
| | | | | |
| २ | | | | |
| | | | | |

८. नर्सरीमा रहेको मूलवृत्त (रुटस्टक) हरुको विवरण

| क्र.सं. | फलफूल बालीको नाम | मूलवृत्त (रुटस्टक) को जात | मूलवृत्त (रुटस्टक) को संख्या | उमेर |
|---|---|---|---|---|
| १ | | | | |
| | | | | |
| २ | | | | |
| | | | | |

९. नर्सरीमा सन्चालन गरेका अन्य कामको विवरणः

१०. नर्सरी सम्वन्धी तालिम लिएको (छ/छैन)

११. नर्सरी धनीको नाम र दस्तखत :

| <u>निवेदकको</u> | दुवै औंलाको सहिछाप | |
|---|---|---|
| दस्तखतः<br>नाम थरः<br>सम्पर्क नम्बरः | दायाँ | बायाँ |

**संलग्न कागजातहरु**

१. नर्सरी दर्ता प्रमाणपत्रको प्रतिलिपी

२. नर्सरीको स्थायी लेखा नं प्रमाणपत्रको प्रतिलिपी

३. कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी

सचिव

४. नर्सरी धनीको नागरिकताको प्रतिलिप

द्रष्टब्य : माथि उल्लेखित व्यहोरा साँचो हो झुठ्ठा ठहरे नियम अनुसार सहुँला बुझाउँला ।

## अनुसूची -४

### (दफा १० सँग सम्बन्धित)

### निजी नर्सरी सूचीकरणका लागि मूल्याङ्कनका आधारहरु

| क्र.सं. | सूचीकरणका पक्षहरु | सूचीकरणका आधारहरु |
|---|---|---|
| १ | नर्सरी संचालन सम्बन्धी अनुभव | कम्तिमा ३ वर्ष |
| २ | नर्सरी भएको जग्गाको क्षेत्रफल | कम्तिमा २ रोपनी भएको |
| ३ | माउ बोटको अवस्था | बिरुवाको स्रोतको पहिचान खुलेको |
| | | सुन्तला, जुनार, कागतीको माउबोट जालीघरभित्र ब्यवस्थापन गरेको |
| ४ | भौतिक पूर्वाधारहरुको अवस्था | बाटो र सिचाई सुविधा रहेको |
| | | सुन्तलाजात फलफूल बिरुवा उत्पादनको हकमा कम्तिमा ३ वटा जालीघर सन्चालनमा रहेको |
| ५ | कलमी बिरुवा उत्पादन क्षमता | सुन्तला जुनार कागतीको बिरुवा जालीघरभित्र वार्षिक न्यूनतम ५००० उत्पादन गर्ने गरेको |
| | | एभोकाडो पिकानट मेकाडेमियानट कागजी बदाम र ओखरको हकमा ५०० कलमी बिरुवा उत्पादन गर्ने |
| | | अन्य फलफूल बिरुवाको हकमा वार्षिक न्यूनतम ५००० कलमी बिरुवा उत्पादन गर्ने |
| ६ | नर्सरी सम्बन्धी तालिम | नर्सरी सम्बन्धी तालिम लिएको |
| ७ | बिरुवा उत्पादन मापदण्ड पालना | आयोजनाबाट स्वीकृत मापदण्ड पालना गरी लक्षित फलफूलको कलमी बिरुवा उत्पादन गरी उपलब्ध गराउन सहमत रहेको |



सचिव

नेपाल सरकार
भूमि व्यवस्था, कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची -५

(दफा १२ को उपदफा (१) सँग सम्बन्धित)

<u>नर्सरी निरीक्षण समय तालिका</u>

| क स | निरीक्षण समय | निरीक्षणको उद्देश्य |
|---|---|---|
| १ | आश्विन, कार्तिक | शितोष्ण बिरुवाको स्वस्थता परिक्षण, बिक्रीयोग्य बिरुवाको संख्या एकिन, माउबोट बगैचा ब्यवस्थापन |
| २ | चैत्र, बैशाख | वर्षे बिरुवाको स्वस्थता परिक्षण, बिक्रीयोग्य बिरुवाको संख्या एकिन, माउबोट बगैचा ब्यवस्थापन |
| ३ | अन्य समय | आयोजनाले तोकेको उद्देश्य प्रासिका लागि |

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची -६

(दफा १२ को उपदफा (२) सँग सम्बन्धित)

### नर्सरी निरीक्षण फाराम

नर्सरी धनीको नामः ठेगानाः

सम्पर्क नम्बरः

नर्सरी निरीक्षण गर्ने कृषि प्राविधिकको नामः सम्पर्क नम्बरः

निरीक्षण मितिः

**१. माउबोटको अवस्था**

**१.१ माउबोटको विवरण**

| क्र. सं. | फलफूलको नाम | जात | ट्याग नं. | उमेर (वर्ष) | बोट संख्या | बिरूवाको स्रोत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**१.२ माउबोटको मलजल तथा काटछाट ब्यवस्थापन**

**१.३ माउबोटको रोग तथा कीराको अवस्था र ब्यवस्थापन**

**२. नर्सरीमा उत्पादित बिरूवाको अवस्थाः**

२.१ नर्सरीमा उत्पादित बिरूवाको विवरण:

| क्र. सं. | फलफूलको नाम र जात | बिरुवाको किसिम | बिरूवा संख्या | बिरूवाको अवस्था | | प्रयोग गरिएको मूलवृत्त (रुटस्टक) को किसिम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | उमेर | उचाई | | |
| १ | | कलमी | | | | | |
| | | अन्य | | | | | |



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | | | | | | | |
| | | | | | | | |

नोटः अन्य* भन्नाले कटिङ्ग, लेयरिङ्ग वा अरु बानस्पतिक तरिकाबाट उत्पादित बिरूवा बुझ्नुपर्दछ।

२.२ उच्च घनत्वको प्रविधिबाट रोपिने स्याउको बिरुवाको हकमा थप प्राविधिक अवस्थाः

| सि.नं. | बिरुवाको जात | विवरण | अवस्था | |
|---|---|---|---|---|
| | | | छ | छैन |
| १ | | १. रोप्न प्रयोग हुने बिरुवाको उचाइ १.२ मिटरभन्दा बढी<br>२. अगुवा हाँगा सोझो, नभाँचिएको<br>३. पहिलो फिदर हाँगा (Feather Branch) जमिनको सतहबाट कम्तीमा ६० से.मी. मा | | |

२.३ माउबोट तथा बिरूवामा रोग/कीराको अवस्थाः

| क्र.स. | समस्या | एकिन गर्ने विधि | कैफियत |
|---|---|---|---|
| १. स्याउ | | | |
| क. रोगहरु | | | |
| १ | जरा तथा फेद कुहिने रोग (Root and Collar Rot) | Visual Inspection | |
| २ | स्याउको दादे रोग (Apple Scab) | Visual Inspection | |
| ३ | सेतो धुले ढुसी रोग (Powdery Mildew) | Visual Inspection | |
| ४ | बोक्रा खुईलिने रोग (Papery Bark) | Visual Inspection | |
| ५ | Apple Canker | Visual Inspection | |
| ६ | स्याउको डढुवा रोग (Fire Blight) | Visual Inspection तथा प्रयोगशाला परिक्षण | Visual Inspection मा **शङ्कास्पद** नमूना लिई प्रयोगशालामा पठाउने |
| ७ | Crown Gall | Visual Inspection तथा प्रयोगशाला परिक्षण | Visual Inspection मा **शङ्कास्पद** नमूना लिई प्रयोगशालामा पठाउने |
| **ख) कीराहरु** | | | |
| १ | कत्ले कीरा (San Jose Scale) | Visual Inspection | |



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरवार, काठमाडौं

| क.स. | समस्या | एकिन गर्ने विधि | कैफियत |
|---|---|---|---|
| २ | भुवादार लाही (Woolly Aphid) | Visual Inspection | |
| ३ | झुसिलकिरा (Tent Caterpilar) | Visual Inspection | |
| ४ | रातो सुलसुले (Red Spider Mite) | Visual Inspection | |
| ५ | कोडलिङ्ग मथ (Codling Moth) | Visual Inspection | |
| ६ | जिजेना मथ (Zygaena Moth) | Visual Inspection | |
| **ग) अन्य समस्याहरु** | | | |
| १ | | | |
| **२. सुन्तलाजात फलफूलहरु (सुन्तला, जुनार र कागती)** | | | |
| **क) रोगहरु** | | | |
| १ | Citrus Greening (Huanglongbing) | Iodine scratch test<br>PCR | Iodine scratch test गर्ने तथा शङ्कास्पद देखिएका बिरुवाको PCR test गर्नका लागि नमूना लिई प्रयोगशालामा पठाउने |
| २ | ट्रिस्टेजा भाईरस (Citrus Tristeza Virus) | Visual Inspection<br>ELISA परिक्षण | Visual Inspection मा शङ्कास्पद देखिएका बिरुवाको नमूना लिई प्रयोगशालामा पठाउने |
| ३ | कोत्रे रोग (Citrus Canker) | Visual Inspection | |
| ४ | जरा तथा फेद कुहिने रोग (Root and Collar Rot) | Visual Inspection | |
| ५ | Pink Disease | Visual Inspection | |
| ६ | धुले ढुशी (Powdery Mildew) | Visual Inspection | |
| ७ | Anthracnose | Visual Inspection | |
| ८ | कालो ध्वाँसे रोग (Sooty | Visual | |

२०

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

| क.स. | समस्या | एकिन गर्ने विधि | कैफियत |
|---|---|---|---|
| | Mould) | Inspection | |
| **ख) कीराहरु** | | | |
| १ | कत्ले कीरा (Citrus Scale) | Visual Inspection | |
| २ | Citrus Psylla | Visual Inspection | |
| ३ | Leaf Miner | Visual Inspection | |
| ४ | रातो सुलसुले (Red Spider Mite) | Visual Inspection | |
| ५ | हरियो पतेरो (Green Stink Bug) | Visual Inspection | |
| ६ | फल चुस्ने कीरा (Fruit Sucking Moth) | Visual Inspection | |
| **ग) अन्य समस्याहरु** | | | |
| १ | हाँगामा लाग्ने झ्याउ (Lichens) | Visual Inspection | |
| **३. किवी फल** | | | |
| **क) रोगहरु** | | | |
| १ | फेद कुहिने रोग (Phytophthora rot) | Visual Inspection | |
| २ | Bacterial Bloosom rot | Visual Inspection | |
| ३ | Crown Gall | Visual Inspection | Visual Inspection मा शङ्कास्पद देखिएका बिरुवाको नमूना लिई प्रयोगशालामा पठाउने |
| ४ | Root knot Nematode | Visual Inspection | |
| **ख) कीराहरु** | | | |
| १ | Leaf Roller Caterpillar | Visual Inspection | |
| २ | Stem borer | Visual Inspection | |
| ३ | मिलीबग (Mealy bug) | Visual Inspection | |
| ग) अन्य समस्याहरु | | | |

सचिव

| क.स. | समस्या | एकिन गर्ने विधि | कैफियत |
|---|---|---|---|
| | | | |
| **४. एभोकाडो** | | | |
| **क) रोगहरु** | | | |
| १ | जरा कुहिने रोग (Root Rot) | Visual Inspection | |
| २ | ओईलाउने रोग (Wilts) | Visual Inspection | |
| ३ | क्याङ्कर (Canker) | Visual Inspection | |
| ४ | एन्थ्राकनोज (Anthracnose) | Visual Inspection | |
| ५ | फल कुहिने रोग (Fruit rot) | Visual Inspection | |
| ६ | डढुवा (blight) | Visual Inspection | |
| **ख) कीराहरु** | | | |
| १ | काण्ड प्वाल पार्ने कीरा (Tree Borer) | Visual Inspection | |
| २ | लाही (Aphids) | Visual Inspection | |
| ३ | पतेरो | Visual Inspection | |
| ४ | सेतो झिंगा | Visual Inspection | |
| ५ | बोक्रा खाने झुसिलकिरा | Visual Inspection | |
| **ग) अन्य समस्याहरु** | | | |
| १ | | | |
| **५. मेकाडेमिया नट** | | | |
| **क) रोगहरु** | | | |
| १ | Anthracnose (*Colletotrichum gloeosporioides*) | Visual Inspection | |

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

| क.स. | समस्या | एकिन गर्ने विधि | कैफियत |
|---|---|---|---|
| २ | Husk pot (*Pseudocercospora macadamiae*) | Visual Inspection | |
| **ख) कीराहरु** | | | |
| १ | Macadamia nut borer (*Cryptophlebia ombrodelta*) | Visual Inspection | |
| | | | |
| **ग) अन्य समस्याहरु** | | | |
| १ | | | |
| **६. ओखर र चुच्चे ओखर** | | | |
| **क) रोगहरु** | | | |
| १ | खैरो पात थोप्ले रोग (Anthracnose/Leaf blotch) | Visual Inspection | |
| २ | टुप्पा सुक्ने रोग (Die back) | Visual Inspection | |
| ३ | डढुवा रोग (Blight) | Visual Inspection | |
| ४ | फेद तथा जरा कुहिने रोग (Foot and root rot) | Visual Inspection | |
| | अन्य | | |
| **ख) कीराहरु** | | | |
| १ | कडलिङ्ग मथ (Codling moth) | Visual Inspection | |
| २ | बोक्रे झिंगा (Husk fly) | Visual Inspection | |
| ३ | खपटे कीरा (Weevil) | Visual Inspection | |
| ४ | डाँठमा प्वाल पार्ने कीरा वा गवारो (Stem/shoot borer) | Visual Inspection | |
| ५ | लाही कीरा (Aphids) | Visual Inspection | |
| **ग) अन्य समस्याहरु** | | | |
| १ | | | |
| **७. कागजी बदाम** | | | |
| **क) रोगहरु** | | | |



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

| क्र.स. | समस्या | एकिन गर्ने विधि | कैफियत |
|---|---|---|---|
| १ | पात थोप्ले (leaf spot) | Visual Inspection | |
| २ | गमोसिस (Gumosis) | Visual Inspection | |
| ३ | फेद तथा जरा कुहिने रोग (Foot and root rot) | Visual Inspection | |
| ४ | अन्य | | |
| **ख) कीराहरु** | | | |
| १ | कत्ले कीरा (Scale insect) | Visual Inspection | |
| २ | पात खुम्चाउने लाही कीरा (leaf curl aphids) | Visual Inspection | |
| ३ | खुम्रे कीरा/चाफर विटल (White grub/chaffer bettle) | Visual Inspection | |
| **ग) अन्य समस्याहरु** | | | |
| १ | | | |

**२.४ रोग कीराको समग्र अवस्थाः**

**२.४.१ माउबोटमा रोग कीराको अवस्थाः**

| क्र. सं. | फलफूल को नाम | जात | ट्याग नं | बिरूवामा देखिएको रोग कीराको नाम | रोग कीराको प्रकोप | | | रोग कीराको ब्यवस्थापनको सिफारिस | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | न्यून | मध्यम | बढी | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

**२.४.२ बिरुवामा रोग कीराको अवस्थाः**

| क्र.सं. | फलफूलको नाम | जात | बिरूवामा देखिएको रोग कीराको नाम | रोग कीराको प्रकोप | | | उपचार गरेपछि रोग कीराको ब्यवस्थापन | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | न्यून | मध्यम | बढी | हुन सक्ने (%) | हुन नसक्ने (%) | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

२.४.३ नर्सरीको माटो उपचार गरिएको बिधिहरु उल्लेख गर्ने

२.४.४ बीउबाट सर्ने रोग व्यवस्थापनको लागि अपनाइएको तरिका (बाली र विधि) उल्लेख गर्ने ।

३. बिक्रीका लागि अयोग्य बिरुवाहरु भए कारण सहित उल्लेख गर्ने ।

| क्र. सं. | फलफूलको नाम | जात | बिक्री अयोग्य बिरुवा संख्या | अयोग्यताको कारण | व्यवस्थापनका लागि सिफारिस | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| | | | | | | |
| २ | | | | | | |
| | | | | | | |

४. बिक्रीका लागि अयोग्य बिरुवाहरुको थप व्यवस्थापन गरी सोही सिजनमा बिक्रीयोग्य (रोग/कीराको व्यवस्थापन हुन सक्ने आदि) बन्न सक्ने अवस्था छ/छैन, यदि छ भने कसरी हुन सक्छ उल्लेख गर्ने तथा उपचारको लागि सिफारिस गर्ने ।

५. मूलवृत्त (रुटस्टक) व्यवस्थापनको अवस्था

| क्र. सं. | मुलवृत्त (रुटस्टक) को नाम | जात | मुलवृत्त (रुटस्टक) को संख्या | उमेर (वर्ष) | रोगको अवस्था | कीराको अवस्था | मुलवृत्त (रुटस्टक) को स्रोत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

६. नर्सरीको अभिलेख व्यवस्थापन

७. नर्सरीको समग्र अवस्था (माउबोट, बिरुवा, मूलवृत्त र व्यवस्थापन)

८. सुधार गर्नुपर्ने पक्षहरु

सचिव

नर्सरी धनीको दस्तखत

कृषि प्राविधिकको दस्तखत

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची - ७

**(दफा १२ को उपदफा (२) सँग सम्बन्धित)**

**फलफूल बिरूवाको बिक्रीयोग्य संख्या सिफारिश फाराम**

नर्सरी धनीको नामः                                         ठेगानाः

सम्पर्क नम्बरः

**१ बिक्रीयोग्य बिरूवा विवरणः**

| क. सं. | फलफूलको नाम | जात | बिक्रीयोग्य बिरुवा संख्या | बिरूवाको अवस्था | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | उमेर | उचाई | मोटाई | |
| १ | | | | | | | |
| | | | | | | | |
| २ | | | | | | | |
| | | | | | | | |
| ३ | | | | | | | |
| | | | | | | | |

कृषि प्राविधिकको नामः ...............................

दस्तखतः ........................

सम्पर्क नम्बरः ......................

ईमेलः...................................

मितिः ......................

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची - ८

(दफा १५ को उपदफा (३) सँग सम्बन्धित)

**<u>नर्सरी अभिलेख</u>**

**१ नर्सरी सम्बन्धी आधारभूत जानकारी**

१.१ नर्सरीको नाम:

१.२ नर्सरी स्थल/ठेगाना:

१.३ नर्सरी धनीको नाम:

१.४ सम्पर्क नं:

१.५ नर्सरी स्थापना बर्ष / मिति:

१.६ नर्सरी दर्ता भएको कार्यालय :

१.७ नर्सरी रहेको स्थानको उचाई:

१.८ नर्सरीको क्षेत्रफल :

१.९ नर्सरी स्थापना तथा व्यवस्थापन सम्बन्धी तालिम लिएको/नलिएको

यदि लिएको भए सो को विवरण:

१.१० नर्सरी धनी स्वयं वा परिवारको सदस्यहरुमा कलमी गर्ने सीप भएको/नभएको

भएमा संख्या:

**२. नर्सरी पूर्वाधारको अवस्था:**

२.१ बाटोको सुविधा

२.२ सिचाईको अवस्था र स्रोत

२.३ स्क्रिनघर भएको/नभएको

२.४ स्क्रिनघर भएको भए संख्या र बनाएको बर्ष:

**३. मुलवृत्त (रुटस्टक) व्यवस्थापन**

३.१ मुलवृत्त (रुटस्टक) उत्पादन विधि

क. बीउबाट

ख. अन्य विधिबाट भए कुन विधि हो उल्लेख गर्ने

ग. खरिद गर्ने

**३.२ मुलवृत्त (रुटस्टक) को उपलब्धता**



सचिव

क. आफ्नै उत्पादन भए जात अनुसार बीउ उत्पादन परिमाण:

ख. खरिद गर्ने भए खरिदको परिमाण र स्रोत उल्लेख गर्ने

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरवार, काठमाडौं

### ३.३ वार्षिक मुलवृत्त (रुटस्टक) उत्पादन विवरण

| क्र. सं. | मुलवृत्त (रुटस्टक) बालीको नाम | जात | वार्षिक मुलवृत्त (रुटस्टक) बिरुवा उत्पादन संख्या | मुलवृत्त (रुटस्टक) को स्रोत | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

### ३.४ मुलवृत्त (रुटस्टक) माउबोटको विवरण राख्ने ढाँचा

| क्र. सं. | मुलवृत्त (रुटस्टक) बालीको नाम | जात | बिरुवा संख्या | उमेर (वर्ष) | रोगको अवस्था | कीराको अवस्था | मुलवृत्त (रुटस्टक) को स्रोत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

## ४. सायनका लागि प्रयोग हुने माउबोटको विवरण

४.१ माउबोटको स्रोत

क. आफ्नै माउबोट बगैचा रहेको

ख. अन्यत्रबाट सायन ल्याईने

४.२ माउबोटको विवरण राख्ने ढाँचा:

| क्र. सं. | माउबोट बालीको नाम | जात | ट्याग नं. | उमेर (वर्ष) | बोट संख्या | बिरूवाको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

## ५. बिरुवा उत्पादन तथा बिक्री विवरण

### ५.१ वार्षिक बिरुवा उत्पादन विवरण

| क.सं. | फलफूलको नाम र जात | मुलवृत्त (रुटस्टक) को किसिम | कलमी विधि | कलमी गरेको समय | बिरुवा उत्पादन संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| | | | | | | |
| | | | | | | |

### ५.२ बिरुवा बिक्री विवरण

| क.सं. | फलफूल को नाम | जात | बिरूवाको अवस्था | | बिक्री गरेको बिरुवा संख्या | बाकी संख्या | कैफियत (खरिदकर्ता) |
|---|---|---|---|---|---|---|---|
| | | | उमेर | उचाई | | | |
| १ | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

## ६. नर्सरी क्रियाकलापहरुको अभिलेखः

अभिलेख राख्नु पर्ने प्रमुख क्रियाकलापहरुः-

- माटो उपचार
- रुटस्टकका लागि बीउ वा विरुवा ल्याएको स्रोत, जात र परिमाण
- बीउ वा विरुवाको उपचार गरेको मिति र उपचार विधि
- बीउ रापेको मिति
- रुटस्टक वा सायनका लागि माउबोट खरिद गरेको भए खरिद मिति, स्रोत र जात
- बिरुवा उत्पादनका लागि रुटस्टक वा सायन ल्याएको स्रोत, परिमाण र जात



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

- कलमी गरेको सिजन र बिरुवा संख्या
- माउबोट तथा नर्सरी बिरुवामा रोग कीराको उपचार मिति र उपचार विधि
- सुन्तलाजात फलफूलको माउबोटको हकमा सुन्तला र जुनारमा पि. सि. आर. तथा कागतीमा सि. टि. भी. परिक्षण गरेको मिति तथा परिक्षणको नतिजा
- सम्बन्धित निकायबाट अनुगमन भएको मिति तथा सुझावहरूको पालना

| क.सं. | मिति | नर्सरीमा गरिएका क्रियाकलापहरुको विवरण | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |



सचिव